# ब्रह्मपुरी गाउँपालिका
# समृद्धिका लागि वन परियोजना
### सर्लाही जिल्ला, मधेश प्रदेश

२०८०/०३/०९

## कार्यसम्पादन आधारित वृक्षरोपण अनुदानको लागि निवेदन आहवान

समृद्धिका लागि वन परियोजना" (Forests for Prosperity Project: FFPP) मधेश र लुम्बिनी प्रदेशमा सहभागी पालिकाहरुमा दिगो वन व्यवस्थापन कार्यान्वयन गर्ने, वनबाट प्राप्त हुने लाभहरु वृद्धि गर्ने र खुद हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्न सहयोग पुर्‍याउन कार्यान्वयन भइरहेको छ । निजी वन धनी तथा जग्गाधनी, कृषक-समूह, सहकारी संस्थाहरु र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुलाई निजी र सार्वजनिक जग्गामा वृक्षरोपण स्थापना गर्न, संरक्षण गर्न र व्यवस्थापन गर्ने प्राविधिक सहयोगका साथै कार्य सम्पादनमा आधारित वृक्षरोपण अनुदान (Performance-based Plantation Grant: PPG) मार्फत सहयोग गर्ने व्यवस्था रहेको छ । परियोजनाको स्वीकृत <u>वृक्षरोपण अनुदान निर्देशिका, २०७९</u> अनुसार यस <u>ब्रह्मपसरी गाँउपालिका</u> क्षेत्र भित्र रहेका निजी वन धनी तथा जग्गाधनी, कृषक-समूह, सहकारी संस्थाहरु र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुलाई निजी र सार्वजनिक जग्गामा वृक्षरोपण स्थापना गर्न, संरक्षण गर्न र व्यवस्थापन गर्नमा अनुदान सहयोग गर्ने कार्यको लागि निम्न बमोजिम कागजात सहित यस पालिका अन्तरगतको वडा कार्यालयहरुमा यो सूचना प्रकाशन भएको **१५ दिन भित्र** वृक्षरोपण अनुदानमा सहभागी हुन निवेदन पेश गर्नको लागि सबैलाई आह्वान गरिएको छ ।

**१. निवेदन दिँदा पेश गर्नु पर्ने प्रमाण तथा कागजातहरु**

**<u>क. निजी वन धनी तथा जग्गाधनीहरुले निवेदनको साथ पेश गर्नु पर्ने प्रमाण कागजातहरु</u>**

इच्छुक जग्गाधनीहरुले वृक्षरोपण अनुदान भुक्तानी कार्यक्रममा सहभागी हुनको लागि एउटा अनुरोध पत्र (cover-letter) सहित व्यक्तिगत वा समूहका आधारमा निवेदन सम्बन्धित वडा कार्यालयमा पेश गर्नुपर्नेछ । विशेष गरी महिला, आदिवासी जनजाति, तराईवासी, र दलितहरुलाई निवेदन दिनको लागि विशेष अनुरोध गरिएको छ ।

- सबभन्दा पछिल्लो पटक मालपोत तिरेको रसिदसहित सम्भावित वृक्षरोपण क्षेत्रको जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपी;
- **<u>वृक्षरोपण अनुदान निर्देशिका, २०७९</u>** अन्तर्गतको खण्ड ५ (४) बमोजिम पाँच वर्षका लागि आवश्यक वृक्षरोपण स्थापना तथा व्यवस्थापन योजना तथा बजेट;
- कबुलियति जग्गाको हकमा कबुलियति सम्झौताको प्रति

**<u>ख. कृषक समूह र सहकारीहरुले निवेदन साथ पेश गर्नु पर्ने प्रमाण कागजातहरु</u>**

- कृषक समूह र सहकारीहरुका लागि समूह सदस्य वा सहकारी सदस्यहरुको सम्भावित वृक्षरोपण क्षेत्रका जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपी सहित सबभन्दा पछिल्लो पटक मालपोत तिरेको रसिदको प्रतिलिपी;
- समूह वा समितिको निर्णयको प्रति ।
- **<u>वृक्षरोपण अनुदान निर्देशिका, २०७९</u>** अन्तर्गतको खण्ड ५ (४) बमोजिम पाँच वर्षका लागि आवश्यक वृक्षरोपण स्थापना तथा व्यवस्थापन योजना तथा बजेट - तालिका नं १ ।
- कबुलियति निजी जग्गाको लागि कबुलियतनामा (Lease Agreement) को एक प्रति थप ।

**<u>ग. सार्वजनिक संस्था तथा समूहहरुले निवेदन साथ पेश गर्नु पर्ने प्रमाण कागजात</u>**

- सार्वजनिक विद्यालय, स्वास्थ्य-चौकी र अन्य सार्वजनिक संस्थाहरुको स्वामित्वमा रहेको संभावित वृक्षरोपण गरिने जग्गाको पछिल्लो पटक मालपोत तिरेको रसिदसहित जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपी;
- सार्वजनिक विद्यालय, स्वास्थ्य-चौकी र अन्य सार्वजनिक संस्थाहरुका लागि व्यवस्थापन समितिको निर्णयको एक प्रति थप ।
- <u>सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुको हकमा सम्बन्धित पालिकामा दर्ता भएको निस्सा प्रमाण ।</u>
- **<u>वृक्षरोपण अनुदान निर्देशिका, २०७९</u>** अन्तर्गतको खण्ड ५ (४) बमोजिम पाँच वर्षका लागि आवश्यक वृक्षरोपण स्थापना तथा व्यवस्थापन योजना तथा बजेट- तालिका नं १ ।

सबै निवेदकहरुले <u>वृक्षरोपण अनुदान निर्देशिका, २०७९</u> को नियम तथा शर्तहरुसँग सहमति जनाउने एक वटा प्रतिवद्धता-पत्र (Commitment Letter) समेत समावेश गर्नु पर्नेछ । खाद्य सुरक्षाको दृष्टिकोणले वृक्षरोपणसम्बन्धी योजना तर्जुमापूर्व सहभागी कृषकहरुलाई वार्षिक रुपमा खाद्य उत्पादनका लागि आवश्यक जमिन छुट्याउन समेत सल्लाह दिइएकोछ । यसै गरी कृषि-जग्गाको



उपेन्द्र राउ
प्रमुख प्रशासकीय अ

बीचमा पर्ने गरी अलग्गै वृक्षरोपणहरु नगरिएकोवारे सुनिश्चिता भएको् । नकारात्मक बाह्यता (negative externality) ले सामाजिक एकता (social cohesion) मा असर पार्न सक्ने भएकोले यस्तो नहुने सुनिश्चितता हुनु पर्नेछ ।
माथिको बुँदा नं क र ख को हकमा कम्तिमा ४०० वटा रुखहरु (०.२५ हेक्टर बराबर) र बुँदा नं ग को हकमा कम्तिमा ६४०० (४ हेक्टर बराबर) को लागि मात्र अनुदान कार्यक्रमको लागि निवेदन दिन सकिनेछ ।

**२. कार्यसम्पादनको औचित्य एवं कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदानका किस्ताहरु**

अनुदानको रकम कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी स्वीकृत अनुमानित लागतको ५०% भन्दा बढि हुने छैन । ५० प्रतिशतलाई शत प्रतिशत मानी निम्न बमोजिम भूक्तानी किस्ताहरुको व्यवस्था गरिएको छ ।

| किस्ताहरु | कार्यसम्पादन दाँज्नका लागि आधार-रेखा | कहिले पहुंच गर्ने र भुक्तनि गर्ने? | कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदानको प्रतिशत |
|---|---|---|---|
| पहिलो | पहिलो वर्ष वृक्षरोपण स्थापना तथा व्यवस्थापन योजनाका क्रियाकलापहरुको प्रगति | नियोजित क्रियाकलापहरु सम्पन्न भएको ६० दिनभित्र | बढिमा ४०% |
| दोस्रो | अस्तित्व गणना (मृत्युदर अधिकतम ४०%), पालिकाको कार्यकारीको कार्यालयमा निजी वन दर्ता | दोस्रो आर्थिक वर्षको तेस्रो चौमासिक अवधिको अन्त्यमा | बढिमा ३०% |
| तेस्रो | अस्तित्व गणना, वृद्धि प्रदर्शन, र वडा कार्यालयमा पेश गरिएको कार्य सम्पन्न प्रतिवेदन | तेस्रो आर्थिक वर्षको अन्त्यमा | बढिमा ३०% |

<u>पुनश्च</u>: वनक्षेत्रभित्र वा दर्ता नगरिएका जग्गामा गरिने वृक्षरोपणका लागि कुन} कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भक्तानीको प्रावधान छैन ।

**३. कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भूक्तानीको लागि प्राविधिक सहयोग सम्बन्धी प्रावधानहरु**

समृद्धिका लागि वन परियोजनाले निम्न कार्यहरुका लागि इच्छुक जग्गाधनीहरु (व्यक्ति विशेष कृषक, कृषक-समूह र सहकारी संस्थाहरु) र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुलाई सहभागी पालिकाहरु र डिभिजन वन कार्यालयमार्फत प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

**४. अनुगमन कार्यक्रम**

सरोकारवालाहरुको समूह र सम्बन्धित एजेन्सीका प्रतिनिधिहरुबाट समय समयमा संयुक्त रुपमा अनुगमन हुनेछ, साथै मन्त्रालय, विभाग र संघीय कार्यान्वयन इकाई लगायत उच्च संस्थाहरुबाट बारम्बार अनुगमन हुनेछ ।

**५. यस कार्यक्रमको बारेमा थप जानकारी चाहिएमा निम्न बमोजिम सम्पर्क गरी जानकारी लिन सकिनेछ ।**
**समद्धिका लागि वन परियोजनाको पालिका स्तरीय**

<u>वन प्राविधिक</u>
नाम: राजेश साह
पद: वन प्राविधिक
सम्पर्क इमेल: *rajeshkumarsah4242@gmail.com*
फोन नं: ९८१७६७३३७१

उपेन्द्र राउत
प्रमुख प्रशासकीय अधिकृत